## सूचना

**सावधान : बोक्सीको नाममा यातना दिनबाट रोकौं, थाहा पाउने बित्तिकै प्रहरीलाई खबर गरौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# दर्शन

दैनिक

Darshan Daily


OPTICAL FIBER BROADBAND
Enjoy the
CABLE INTERNET

For more pls contacts:
**NEPAL NET SANCHAR**
*Head Office :*
Hanumandas Road, Biratnagar-8
Tel: 537000, URL: www.nns.com.np
*Branch Office :*
Itahari, Purwaline, Tel: 025-581191


❑ वर्ष : १८ ❑ अंक : १६४ ❑ २०७७ असार १५ गते सोमबार MONDAY, 29 JUNE 2020) ❑ विराटनगर ❑ मूल्य रु. ५।-

# नेपालमा बाह्र हजार सात सय बहत्तर कोरोना संक्रमित

विराटनगर, १४ असार । नेपालमा कोरोना भाइरस ( कोभिड–१९) का ४ सय ६३ जना थपिएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार आइतबार देशका विभिन्न २२ वटा प्रयोगशालामा भएको परीक्षणमा ४ सय ६३ जनामा संक्रमण पोजेटिभ देखिएको हो ।

योसँगै नेपालमा कोरोना संक्रमितको संख्या १२ हजार ७ सय ७२ पुगेको मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले बताउनुभयो ।

आइतबारसम्म ११ हजार २ सय ९८ जना पुरुष र १ हजार ४ सय ७४ जना महिलामा संक्रमण देखिएको छ । पीसीआर विधिबाट पछिल्लो २४ घण्टामा ४ हजार ९ सय ६२ गरी २ लाख १५ हजार ८ सय ३९ जनाको कोरोना परीक्षण भएको छ ।

यस्तै आरडिटी विधिबाट पछिल्लो २४ घण्टामा २ हजार ७ सय ३२ गरी २ लाख ९६ हजार ७ सय ६६ जनाको परीक्षण भएको छ । प्रदेश १ मा आइतबार २७ जना कोरोना संक्रमित थपिएका छन् । सामाजिक विकास मन्त्रालयका अनुसार मोरङमा १७, उदयपुर ६, झापामा २, इलाम र सुनसरीमा १-१ जनामा संक्रमण देखिएको छ ।

मोरङको सुनवर्षीमा १६ पुरुष, एक महिला, उदयपुरको कटारीमा ३ महिला, २ पुरुष, झापाको हल्दिबारीमा २ महिला, सुनसरीको इनरुवामा १ पुरुष र इलामको माईमा १ पुरुषमा संक्रमण देखिएको छ । प्रदेश १ मा संक्रमितको संख्या ५ सय ६० पुगेको छ ।

प्रदेश १ मा आइतबार झापाको कचनकवलका १ जना डिस्चार्ज भएका छन् । डिस्चार्ज हुनेको संख्या ३ सय ७७ पुगेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।




## विश्वभर पाँच लाख एक हजारको कोरोनाबाट मृत्यु

विराटनगर, १४ असार । विश्वमा कोरोना महामारीका कारण मृत्यु हुनेको संख्या ५ लाख १ हजार पुगेको छ ।

आइतबार साँझसम्म ५ लाख १ हजार ८ सय ७८ जनाको मृत्यु भएको छ ।

आइतबार दिनभरीमा विश्वभर १ हजार २ सय ५४ जनाले ज्यान गुमाएका छन् । कोरोना भाईरसबाट संक्रमित हुनेको संख्या १ करोड १ लाख पुगेको छ । विश्वभर ३५ हजार नयाँ संक्रमित थपिएका छन् । संक्रमित भएका मध्ये ५४ लाख ८२ हजार बढि उपचारपछि निको भएका छन् । ५७ हजार ८ सय बढी संक्रमितको अबस्था गंभिर छ भने बाँकीको अवस्था मध्यम रहेको छ ।

अमेरिकामा कोरोना

▶▶ बाँकी तीन पृष्ठमा

## सीमामा सशस्त्रको उपस्थिति बढाईदै

काठमाडौं, १४ असार । सरकारले उच्च प्राथमिकता दिएर सीमा क्षेत्रमा सशस्त्रको उपस्थिति बढाउँदै लगेको छ ।

पछिल्ला केही महिनाको अवधिमा मात्रै दर्जन बढी स्थानमा सीमा निगरानी चौकी (बिओपी) स्थापना भइसकेका छन् ।

गत मंसिरदेखि अहिलेसम्म २५ चौकी स्थापना भइसकेका गृह मन्त्रालयले जनाएको छ । अहिलेसम्म मुलुकभर कूल १३२ स्थानमा चौकी स्थापना भइसकेका मन्त्रालयले जनाएको छ । हालै सशस्त्रले चीनतर्फका नाका हुम्लाको हिल्सा, संखुवासभाको किमाथाङ्का, मुस्ताङको लोमान्थाङ्मा बिओपी स्थापना भइसकेका छन् ।

यस्तै त्रिदेशीय नाकाका रुपमा रहेको दार्चुलाको छाङरुमा समेत बिओपी स्थापना गरिसकेको छ । विसं २०७५ मा ८६ स्थानमा सीमा सुरक्षा चौकी थियो । त्यसपछि

▶▶ बाँकी तीन पृष्ठमा

## सलहको बथान सानो छ नआत्तिनुस्

काठमाडौं, १४ असार । भारतमा सलह किराको ठूलो बथान सक्रिय भएकाले त्यसको गतिविधिमा निगरानी गर्न नेपाल सरकारले संयुक्त राष्ट्र संघ र भारतीय अधिकारीहरूसँग समन्वय गर्ने भएको छ । कृषि मन्त्रालयमा आइतबार विज्ञहरूसँगको छलफलपछि कृषिमन्त्री घनश्याम भुसालले यो जानकारी दिएका हुन् ।

विज्ञहरूले भारतको राजस्थानबाट सलह किराको अझै ठूलो मुभमेन्ट हुने देखिएको जानकारी गराएका थिए । विज्ञहरूको भनाइ सुनिसकेपछि

▶▶ बाँकी तीन पृष्ठमा

# विराटनगरको छैठौं नगरसभा सम्पन्न




विराटनगर, १४ असार । विराटनगर महानगरपालिकाको छैठौं नगरसभा पूर्णरुपमा सम्पन्न भएको छ । नगरसभाको बन्दसत्र सर्वसम्मतरुपमा सम्पन्न भएसंगै आगामी बर्षका लागि बजेट बनाउने बाटो खुलेको छ ।

आइतबार सम्पन्न सभामा आर्थिक वर्ष २०७७/०७८ को बजेट कार्यान्वयनको प्रगति समिक्षा, संशोधित नीति तथा कार्यक्रमका विषय दफावार छलफल भएको थियो ।

नगरसभाका क्रममा मेयर भीम पराजुलीले आ` नो एकमात्र उद्देश्य विराटनगर महानगरपालिकाको आर्थिक, सामाजिक र पूर्वाधारको अधिकतम विकास गरी आ` नै कार्यकालमा यसको गुणात्मक विकास गर्ने रहेको बताए । महानगरपालिकाको आर्थिक स्रोत साधनको अधिकतम प्रयोग र परिचालन गरी काम कारवाही अगाडि बढाइ रहेको बताउँदै मेयर पराजुलीले संघीय सरकार र प्रदेश सरकारसँगको समन्वयमा ठूला पूर्वाधार विकासका आयोजनाहरु अगाडि बढाइरहेको बताए ।

कोरोना कारण उत्पन्न समस्या समाधानका साथ आगामी कार्यक्रम फलदायी बनाउन लाग्नुपर्नेमा जोड दिए । मेयर पराजुलीले विराटनगरमा

▶▶ बाँकी अन्तिम पृष्ठमा

# विद्यालयमा क्वारेन्टिन बनाइनाले विद्यार्थीलाई मनोवैज्ञानिक असर

काठमाडौं, १४ असार । कोरोना भाइरस रोकथामका लागि सामुदायिक विद्यालयलाई लामो समय क्वारेन्टिन बनाईंदा विद्यालय र बालबालिका शान्ति क्षेत्रको अवधारणामा प्रतिकूल असर पर्ने जनाइएको छ ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ नेपालले आइतबार आयोजना गरेको भर्चुअल संवादमा विद्यालय खुल्नुपर्ने समय आउँदा शिक्षक र विद्यार्थीमा मनोविज्ञानमा प्रतिकूल असर पर्ने भएकाले विद्यालयभन्दा अन्य स्थानमा क्वारेन्टिन राख्न सुझाव दिइएको हो ।

हाल करीब २८ हजार सामुदायिक विद्यालयमध्ये चार हजार पाँच सयमा क्वारेन्टिन र ६४ मा आइसोलेशन कक्ष बनाइएको छ । कतिपय विद्यालयमा व्यवस्थापन समिति र प्रधानाध्यापकलाई समेत थाहा नदिई स्थानीय पालिकाले आफूखुशी तथा जबर्जस्ती विद्यालयलाई क्वारेन्टिन बनाइएकामा चिन्ता व्यक्त गरिएको हो ।

▶▶ बाँकी तीन पृष्ठमा

# दुर्घटनाका कारणले हुने आर्थिक भार बढ्यो

काठमाडौं, १४ असार । नेपालमा सडक दुर्घटनाका कारणले हुने आर्थिक भार गत एक दशकमा तीन गुणाले बढेको एक अध्ययनले देखाएको छ ।

अन्तर्राष्ट्रिय पर्यावरण अनुसन्धान र जनस्वास्थ्य जर्नलमा प्रकाशित उक्त अध्ययनले सडक दुर्घटनाका कारण नेपालले सन् २०१७ मा कूल गार्हस्थ उत्पादनको १.५२५ अर्थात् अनुमानित १३ अर्ब बराबरको आर्थिक मूल्य गुमाउनुपरेको देखाएको छ ।

सो अध्ययनले देखाएको सडक दुर्घटनाको आर्थिक भार विगतको दशक (सन् २००७) को तुलनामा तीन गुणा बढी हो । विश्व स्वास्थ्य सङ्गठन ( डब्लुएचओ) ले कम र मध्यम आय भएका देशमा सडक दुर्घटनाका कारण हुने आर्थिक नोक्सानी ती देशको कूल गार्हस्थ्य उत्पादनको १।०५ देखि २।०५ रहेको अनुमान गरेको छ। यो अध्ययन नेपाल प्रहरीको तथ्याङ्कमा आधारित छ।

सडक दुर्घटनाका कारण घाइतेको उपचार र हेरचाहमा ठूलो खर्च लाग्ने र अकालमै मृत्युले गर्दा व्यक्ति, परिवार, समाज र राष्ट्रलाई नै ठूलो आर्थिक भार पर्न जाने बेलायतका स्वास्थ्य अर्थशास्त्री एवं जनस्वास्थ्यविद्ले गरेको उक्त अध्ययनले देखाएको छ।

अन्तर्राष्ट्रियरुपमा सडक दुर्घटना तथा त्यसबाट जनस्वास्थ्य

▶▶ बाँकी अन्तिम पृष्ठमा




# सम्पादकीय

## अर्काको ईशारामा आफ्नो मुलुक तहस–नहस नगरा

राजनीति सबैको एएटा अभिन्न चासोको विषय बनेको छ । राजनीति, राज्य सञ्चालनको नीतिका रुपमा प्रयोग हुने हो । कुनै पनि सच्चा व्यक्तिका लागि मुलुक(राज्य) सबैभन्दा ठूलो हुन्छ, प्राणभन्दा प्यारो हुन्छ । व्यक्ति–व्यक्ति मिलि समाज बन्दछ । समाज कै विशिष्टकृत रुप नै ढल (पार्टी) हो ।

यसका लागि व्यक्ति स्वच्छ, निष्पक्ष, पारदर्शी, परिणाममुखी, ईमान्दार केहि गरौं भन्ने भावना भएको लगनशील, दृढ संकल्पित र त्यागको भावना भएको हुनु पर्छ । त्यसले गर्दा समाज शसद्ध हुन्छन । आफ्नो जिम्मेवारीप्रति लगनशील, ईमान्दार हुन्छन् । वर्तमान अवस्थाका राजनीतिक दलका नेता तथा कार्यकर्ता उपरोक्त भनाई विपरित भएको उनीहरुका गतिविधि, क्रियाकलाप र व्यवहारले देखाइरहेको छ ।

राजनीतिक दलका नेता तथा कार्यकर्ता गुट–उपगुट, लविमा विभाजित छन् । तीनले आफ्नो स्वार्थभन्दा बाहिर केहि नगरेको सबैको सामु छ । साथै उनीहरु विभिन्न विदेशीहरुको इशारामा चलेर राष्ट्र र जनताहित विपरित कार्य गरिरहेको कसैबाट लुकेको छैन । यसकै प्रथिफल हो वर्तमान सरकार ढाल्ने खेल । यो भारतीय विस्तारवाद र युरोपेली युनियनका उक्साहटमा गरिरहेको आम चर्चा चलिरहेको छ ।

यीनीहरुको स्वार्थ नमिल्दा यस्तो खेल खेलिरहेको ऐना जस्तै छर्लङ्ग छ । राष्ट्को सेव गर्ने भनेर निर्वाचनमा उठेर जितेर विदेशीको ईशाराम चलेर आफ्नै दलको सरकार ढाल्ने खेल खेल्नु यहाँभन्दा हास्यापद, घृणित कार्य के हुन्छ भन्ने आम चर्चा छ । यसै सन्दर्भमा यसै सेरोफेरोमा रहेर प्रधानमन्त्रीको अभिव्यक्ति पनि आएको पाईन्छ ।

आफूले राष्ट्हित विपरित कार्य नगरेको र नेपालको सीमा मिचेकाले, मिचेको भागसहित नक्शा निकालेकोमा प्रधानमन्त्री पद जाँदैन भन्ने कुरा सम्बन्धितले बुझ्नु पर्छ भन्ने उनले आफ्नो अभिव्यतिमा व्यक्त गरेका छन् । अर्काको ईशारामा आफ्नो मुलुक तहस नहस नपारौं ।

# संकटमा रैथाने बिउ

**पीताम्बर श्रेष्ठ**

विश्वमा र नेपालमा पनि कृषकहरुले पसल वा कम्पनीबाट बिउ खरिद गर्न थालेदेखि रैथाने बिउ मासिने शिलशिला शुरु भयो । त्यसो त रैथाने बिउ लोप हुनमा जनसंख्या वृद्धि, बसाइसराइ, शहरीकरण, जलवायु परिवर्तन तथा मानिसहरुको खाद्य संस्कृतिमा आएको परिवर्तन, आधुनिक विधिबाट खेती गर्ने तौरतरिकाको अवलम्वन र सरकारी कृषि नीति तथा कार्यक्रम पनि उत्तिकै जिम्मेवार छन् ।

नेपालको विविधतायुक्त हावापानी तथा भौगोलिक बनावट ! धार्मिक, सांस्कृतिक तथा जातीय विविधता र कृषकहरुले पुस्तौंदेखि परम्परागत विधि तथा तौरतरिका अपानाएर बिउ तथा विरुवाको छनोट, संरक्षण र भण्डारण, एकआपसमा साटासाट गर्ने चलनले हजारौं जातका रैथाने बिउहरुको विकास भएको हो । यो हाम्रा पुर्खाहरुले हजारौं वर्षसम्म निरन्तर कृषि कार्य गर्दाको प्रतिफल हो । रैथाने बिउहरु कृषि अनुसन्धान केन्द्रमा विकास गरिएका होइनन् तर कृषि अनुसन्धान र विकास कार्यमा रैथाने जातहरुको विशेष महत्व छ ।

अधिकांश रैथाने बिउहरु विभिन्न किसिमका रोग तथा किरा सहने, सुख्खा वा खडेरी तथा बढी पानी सहने, खान मिठो तथा स्वादिलो हुने र कतिपयम औषधीय गुण र विभिन्न धार्मिक तथा जातीय संस्कारहरुमा प्रयोग हुने भएता पनि यसको संरक्षण र उपयोग गर्नुपर्छ भन्ने चेतना आजभोलिका कृषकहरुमा विरलै मात्र भएको पाइन्छ । मानिसका लागि खाद्यान्न र पशुपन्छीका लागि दानाको बढ्दो आवश्यकता पूरा गर्न विकास गरिएको बिउ तथा प्रविधिको व्यापक विस्तार गरिनु तर रैथाने बिउ कसरी विकास भएका हुन र त्यसको महत्व र संरक्षणको आवश्यकताबारे आम कृषक, कृषि विकासमा सम्बद्ध निकाय र शिक्षा प्रणालीमा समावेश नगरिएकाले हजारौं रैथाने बिउहरु लोप भइसकेका छन् भने बाँकी रहेकाहरुको पनि अस्तित्व संकटमा परेको छ ।

सन् १९८९ मा गरिएको एक अध्ययनले नेपालमा दुई हजारभन्दा बढी किसिमका धानका रैथाने जातहरु खेती गरिन्छ भन्ने अनुमान गरेको थियो । तर अहिले कृषकको खेतबारीमा दुई सयभन्दा बढी जात पनि नहोला । यी दुवै तथ्याङ्क अनुमान मात्र हो । किनभने नेपाल सरकारले नेपालका कृषकहरुले खेती गरिरहेका रैथाने बिउको विस्तृत अध्ययन तथा अनुसन्धान गरेकै छैन । कृषकहरुको खेतबारीमा रैथाने बिउको संरक्षणको कुरा त धेरै पर छ । हाम्रा पुर्खाहरुले हजारौं वर्ष लगाएर विकास गरेका हजारौं रैथाने बिउ हामीले एकै पुस्तामा गुमाई सकेका छौं ।

पोखराको जेठोबुढो, डोटीको जोरायल बास्मती, कपिलवस्तुको कालानमक, नुवाकोटको समुन्द्रफिंज, बाराको लल्का बास्मती र झापाको कालोनुनियाँ जस्ता मगमग बासना आउने धानको प्रवर्द्धन गर्ने सोंच हाम्रा अग्रज कृषिविद् तथा सरकारको योजनामा कहिल्यै परेन । भलै उनीहरु ती गाउँमा पुग्दा एक दुई बोरा चामल लिएर राजधानी वा सदरमुकाम फर्किन्न भने लालायित हुन्छन् । उनीहरुको प्राथमिकतामा परे त केवल रसायनिक मलमा अनुदान, कर्णालीमा खाद्यान्न ढुवानी र करछुटमा खाद्यान्न आयात गरी देशलाई भोकमरी मुक्त बनाउने ।

उपभोक्ताको रोजाइमा रहेको मुस्ताङको सिमी, भोजपुरको सुन्तला, तेह्रथुमको अकबरे खुर्सानीलगायत अनदी धान, तिल, फापर, पिँडालु, उवा, जौ, गहत, मस्याङ, कात्तिके बोडी, चिनो, कागुनो, कोदो, मार्से जस्ता हाम्रा सयौं रैथाने बाली तथा तिनका हजारौं जातहरुको सधार, पञ्जीकरण तथा सम्बर्धन कृषि अनुसन्धान र विकासको प्राथमिकतामा कहिल्यै परेनन् ।

हाम्रा रैथाने बिउ तथा त्यसमा निहित गुण तथा विशेषता पहिचान गरी त्यसैमा आधारित भएर ठाउँ सुहाउँदा नयाँ जातहरुको विकास गर्नुको सट्टा भारत तथा अन्य अन्तराष्ट्रिय कृषि अनुसन्धान केन्द्र र बिउ कम्पनीहरुले विकास गरेका उन्नत र वर्णशंकर बिउ परीक्षण गरी नेपालमा सिफारिस गर्ने कार्यमा नै रुमल्लिरहेको छ नेपालको कृषि अनुसनधान र विकासको प्राथमिकता, जसको नतिजा नेपालमा बिउको आयात वर्षेनी बढ्दो छ ।

एकातिर नेपालको परम्परागत कृषि प्रणाली विस्तारै व्यवसायिकतातर्फ अग्रसर हुँदैछ भने अर्कोतिर कृषि पेसामा लाग्ने जनसंख्या वर्षेनी घटिरहेको छ । कृषिमा आइरहेको यस प्रकारको रुपान्तरण सँगै पहाड तथा हिमाली भेगमा खेतबारी बाँझिने क्रम पनि बढ्दो छ । व्यवसायिक कृषि तर्फ मुलतः युवा पुस्ताहरुको संलग्नत बढ्दै गइरहेको छ ।

तर, जो युवा कृषि पेसातर्फ अग्रसर भइरहेका छन्, उनीहरुमा पनि संरक्षणको चेतना छैन । अपवाद बाहेक अधिकांश व्यवसायिक कृषि आयातित बिउ, नश्ल र प्रविधिमा आधारित छन् । तत्कालका लागि खाद्यान्नको बढ्दो माग धान्न निश्चय नै टेवा पुगे पनि यसले हाम्रो मौलिक कृषि प्रणालीमा सुधार ल्याउँदैन, तर परनिर्भरता र सोधनान्तर घाटा भने बढाउँछ ।

नेपालका विविधतायाक्त रैथाने बिउ र त्यसमा आधारित व्यवसाय प्रवर्द्धनमा सरकार मात्र होइन, युवा पुस्ता समेत सचेत छैन । यो क्रमले निरन्तरता पाइरहे नेपालमा हाल बाँकी रहेका रैथाने बिउहरु पनि पूर्णरुपमा लोप भएर जाने निश्चित छ ।

देश संघीय संरचनामा प्रवेश गरेसँगै कृषि विकासको जिम्मेवारी प्रदेश र स्थानीय सरकारमा बाँडिएको छ । तर प्रदेश र स्थानीय सरकारका गत एक दुई वर्षका कृषि सम्बन्धी गतिविधिहरु नियाल्ने हो भने अपवाद बाहेक रैथाने बिउ प्रवर्द्धन सम्बन्धी काम भएको पाइँदैन ।

यो स्वाभाविक पनि छ, किनभने प्रदेश र स्थानीय सरकारमा रैथाने बिउको महत्व बुझ्ने, बुझाउने र त्यसै अनुसार योजना तर्जुमा गर्ने मानव संसाधन हालको अवस्थामा अभाव छ । संघीय तहमा कृषि विभाग अन्तर्गत रैथाने बिउ संरक्षण तथा प्रवर्द्धन कार्यमा लाग्ने निकाय खडा गरिएता पनि फाट्टफुट क्रियाकलापहरु सञ्चालन गर्नु बाहेक त्यहाँबाट देश भरिका रैथाने बिउको पहिचान र त्यसको यथास्थानीय संरक्षण तथा प्रवर्द्धका लागि स्पष्ट खाका आउन सकेको छैन ।

नेपालका रैथाने बिउहरुको संरक्षण गर्न तथा कृषि अनुसन्धान तथा विकास कार्यमा संलग्न संस्था तथा व्यक्तिहरुका लागि आवश्यक रैथाने बिउ सहज रुपमा उपलब्ध गराउन नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत ललितपुर जिल्लाको खुमल्टारमा वि.सं. २०६७ मा राष्ट्रिय कृषि आनुवांशिक स्रोत केन्द्र अर्थात राष्ट्रिय जीन बैंक स्थापना गरिएको छ ।

हालसम्म राष्ट्रिय जीन बैंकमा १४० किसिमका बालीहरुको करिब १३ हजार जातहरु नेपालका विभिन्न भौगोलिक स्थानहरुबाट संकलन गरी संरक्षण गरिएको छ । तर, यो त रैथाने बिउ संरक्षणको एउटा पाटो मात्र हो । यहाँ सानो परिमाणमा मात्र बिउ राखिन्छ जुन अनुसन्धान प्रयोजनका लागि मात्र उपलब्ध छ, सर्वसाधारण कृषकहरुका लागि ठुलो परिमाणमा बिउ पाउन सम्भव हुँदैन । यो विधिबाट हाम्रा पुस्ताहरुले प्रत्येक वर्ष खेतबारीमा लगाएर छनोटमार्फत हालका रैथाने बिउहरु विकास गरे जस्तो भविष्यको पुस्ताका लागि आवश्यक त्यसबेलाको हावापानी सुहाँउदो रैथाने बिउ विकास हुने क्रम रोकिन्छ ।

कृषकको खेतबारीमा रैथाने बिउ संरक्षण तथा उपयोग अभिवृद्धिका लागि नेपालमा गर्व गर्न लायक अनुसन्धान र विकासका कामहरु भएका छन् । अन्तराष्ट्रिय मञ्चहरुमा नेपालको प्रशस्त प्रशंसा हुने गरेको छ । रैथाने बिउ सम्बन्धी अनुसन्धान गरी त्यसको प्रवर्द्धनका लागि सहभागितामूलक विधि, तौरतरिका तथा असल अभ्यासहरुको विकासमा अन्य कतिपय देशहरुको तुलनामा नेपाल एक कदम अघि छ ।

केही सरकारी र गैरसरकारी निकायहरु विचको साझेदारीमा सञ्चालन गरिएका अनुसन्धानमूलक परियोजनाहरुबाट यो सम्भव भएको हो । तर, विडम्वना रैथाने बिउ संरक्षण तथा प्रवर्द्धनका लागि आफ्नै देशमा परीक्षण तथा विकास गरिएका असल अभ्यासहरु देशव्यापी रुपमा विस्तार गर्न सकिएको छैन ।

नेपाल सरकारको संसद्ले अन्तराष्ट्रिय जैविक विविधता महासन्धी १९९२ र खाद्य तथा कृषिका लागि आनुवांशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि २००४ पनि अनुमोदन गरसिकेको छ । तर, यी दुवै प्रतिवद्धता कार्यान्वनका लागि बनाइएका कानूनहरु लामो समय देखि मस्यौदाको रुपमा नै रहेका छन् ।

संघीय सरकारको यी अन्तराष्ट्रिय प्रतिवद्धताहरु तथा यसको कार्यान्वयनका लागि गर्नपर्ने कामहरुका बारे प्रदेश र स्थानीय सरकारले खासै भेउ पाए जस्तो लाग्दैन । न त संघीय सरकारको जिम्मेवार निकायले यसतर्फ पर्याप्त ध्यान दिएको छ । यस अवस्थामा देशको कुनाकाप्चा सम्म फैलिएका बहुराष्ट्रिय कम्पनीका स्थानीय ठेकेदारहरुले आयातित हाईब्रीड बिउ किसानहरुकोमा पुऱ्याइरहेका छन् ।

त्यसैको परिणाम २०६६ सालमा मध्य तराईका जिल्लाहरुमा मकैमा दाना नै लागेन, २०७० सालमा भक्तपुर जिल्लामा धान सखाप भयो भने २०७६ सालमा गरिमा धानको कहाली लाग्दो कहानी सुन्न पऱ्यो ।

तीनै तहका कृषि अनुसन्धान र विकास कार्यको जिम्मेवारी पाएका निकायहरुले यी घटनालाई मध्यनजर गरी देशको विविधतायुक्त हावापानी र भौगोलिक बनावटका आधारमा रैथाने बिउको पहिचान, सम्बर्धन तथा प्रवर्द्धन गर्ने आफ्नै मौलिक किसिमको बिउ सुधार प्रणाली नअपनाउने हो भने फेरि पनि त्यस्ता घटनाहरु नदोहोरिएलान् भन्न सकिन्न । यसले रैथाने बिउमात्र होइन, समग्र कृषि क्षेत्रमा नै संकट निम्त्याउन सक्छ ।अनलाइन

## तपाईको आज

**मेष:** व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । लगनशीलताले कामहरू अगाडी बढ्नेछन् । शुभकार्यको चर्चा चल्नेछ ।

**वृष:** यात्रामा मालसामान हराउन सक्छ । सहकर्मीबाट विरोध आउला । गलत निर्णय लिन पुगिएला । चोटपटकको भयछ सचेत रहनुहोला ।

**मिथुन:** छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । भूमिबाट लाभ रहनेछ । नयाँ व्यक्तिसंग भेटघाट हुनेछ ।

**कर्कट:** ठीक समयमा सही निर्णय लिन सकिनेछ । कला,साहित्यमा रुचि बढ्नेछ । वैदेशिक कार्य अघी बढ्नेछ । घर,जग्गाको कारोबारमा सफलता मिल्नेछ ।

**सिंह:** आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । रोकिएको धन हात पर्ला । धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**कन्या:** प्रेममा मनमुटाव आउनेछ । आफ्नो विचार विपरित निर्णय हुनेछ । गरेका काममा ढिलासुस्ती हुनेछ । साझेदारीको काममा उल्झन आउनेछ ।

**तुला:** महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । शत्रु पराजित हुनेछन् । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । वित्तिय संस्थाबाट सहयोग पाईनेछ ।

**वृश्चिक:** नसोचेको ठाउँबाट धनागम हुनेछ । मनोरञ्जनमा सहभागीता भइएला । बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । आर्थिक कारोवारमा सफलता पाइएला ।

**धनु:** रमणीय र सुखद् यात्राको योग छ । पार्टी तथा सेमिनारमा सहभागी भईएला । प्रयत्न गरे फाइदा लिन सकिनेछ । साथीभाईसंग समय बित्नेछ ।

**मकर:** मनमा दुविधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । स्वास्थ्यमा समस्या आउनेछ । सरकारी निकाएको भय रहनेछ ।

**कुम्भ:** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्ला । सांगीतिक क्षेत्रमा रुची बढ्नेछ ।

**मीन:** महत्वपूर्ण कामको थालनी हुनेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । समाजसेवामा मन लाग्ला । शिक्षामा सफलता मिल्नेछ ।

## लेखकहरूमा अनुरोध :

- यदि तपाई आफ्नो लेखन सीपलाई उजागर गर्नका लागि प्रकाशन गर्ने ठाउँ त खोजिरहनु भएको छैन ?
- त्यसो हो भने अब चिन्ता नगर्नुहोस् ।
- आफ्ना सीपयुक्त लेख रचनाहरू हामीलाई उपलब्ध गराउनु होस् ।
- हामी ती रचनाहरूलाई प्रकाशित गर्नेछौं ।

दर्शन दैनिक
कलेज रोड
विराटनगर–१४

## केही महत्वपूर्ण टेलिफोन नम्वरहरू

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| मोरङ सहकारी अस्पताल | ५२३२३०, ९८४२२८२७७७ |
| जिविस मोरङ | ५३६३५३ |
| निर्माण व्य. संघ | ५२३८३६, ५३०५७२ |
| नेरेसो रंगेली | ५८००४८ |
| चेतनशील मित्र परिषद् | ९८४२२६६२३१ |
| नेपाल दुरसंचार सं.क. संघ | ५३३३३३ |
| पूर्वाञ्चल नर्सिङ होम | ५२३१५५ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिङ होम | ५२७०७१ |
| पथरी नर्सिङ होम | ५५५३४३ |
| लायन्स क्लव सेन्ट्रल | ५३७००१ |
| जीवन वि. स. कर्सिया | ५६५०८८ |
| शनिश्चरे एम्वुलेन्स सेवा | ५५५१४४ |
| न्युरो हस्पिटल प्रा.लि. | ५२२७५७, ५२४४८४ |
| पोहुँरिया बचत एम्बुलेन्स | ९८४२२७७६६६ |
| लाइफ गार्ड एम्बुलेन्स सेवा | ९७४२०४२३३३ |
| ग्रामीण महिला जागरण | ५३१०६५ |
| च्यारेटी ट्रष्ट धरान | ०२५–५२१६०० |

### दमकल

| | |
|---|---|
| विराटनगर बारूणयन्त्र | ४२०००० |
| इटहरी बारूणयन्त्र | ५८०१०१ |
| धरान बारूणयन्त्र | ५२०१९९ |
| इनरूवा वारूणयन्त्र | ५६०१०१ |
| दमक बारूणयन्त्र | ०२३–५८०१०१ |
| भद्रपुर बारूणयन्त्र | ०२३–५२०१०१ |

### अस्पताल

| | |
|---|---|
| कोशी अं. अ. इमरजेन्सी | ५२४२३४ |
| रंगेली अस्पताल | ५८००४८ |
| नौलखा डेन्टल केयर | ५२१०८२ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिङ होम | ५२२१४४ |
| पूर्वाञ्चल नर्सिङ होम | ५२३१५५ |
| कोशी नर्सिङ होम | ५२५०७५, ४४०४८८ |
| ब्लड बैंक | ५२३३२६ |
| आँखा अस्पताल | ५२३७०६ |
| मोरङ सहकारी अस्पताल | ५२३२३० |
| सप्तकोशी नर्सिङ होम | ५२७९५४ |
| न्युरो हस्पिटल प्रा.लि | ५२२७५७, ५२४४८४ |
| नोबेल मेडिकल कलेज | ५३८७३५ |
| नेपाल क्षयरोग निवारण संस्था | ५२२८२७ |
| लाइफ गार्ड हस्पिटल | ९७४२०४२३३३ |
| वीपी प्रतिष्ठान, धरान | ०२५–५२५५५५ |

### प्रहरी

| | |
|---|---|
| पुर्वाञ्चल क्षे.प्र.का. | ४३५००१ |
| जिल्ला प्रहरी | ५३०३५८, ५२३९०१, १०० |
| जिल्ला ट्रा.प्र.का. | ५३५३९९, १९९, ५३५५९९ |
| नगर प्र.का., विराटनगर | ५२१८५०, ५३०३६७, ११० |
| इ.प्र.का.,रानी | ४३५३६४, १०८ |
| सिआरभी (CRV) | १०९ |
| इप्र.का., रंगेली | ९८५२०९०१४४ |
| इ.प्र.का., उर्लावारी | ५४०००२ |
| सिमा प्रहरी चौकी रानी | ४३५८४० |

### होटल

| | |
|---|---|
| होटल जेनियल | ५३०२५० |
| होटल स्वागतम | ४७२४५० |
| होटल इष्टर्न स्टार | ४७१६२६ |
| होटल रत्ना | ५३१५७९ |
| होटल एभरेष्ट ईन | ४७२८४४ |
| होटल नमस्कार | ५२११९९ |
| होटल प्यासिफिक | ४७१०३६ |
| मुन होटल | ५२२९३७ |
| सगरमाथा पार्टी प्यालेस | ५३४४९३ |
| होटल श्री भिन्तुना | ४७२६७२ |
| ड्रागन गेष्ट हाउस | ४७११२९ |
| न्यू होटल गिताञ्जली | ४७२३३५ |
| यति होटल | ५३०५१७ |
| होटल रूविज् इन्टरनेशनल | ४४०९९५ |

स्वास्थ्य समाचार

# वर्षायाममा एसिडिटीको समस्या र घरेलु उपचार



हाम्रो पेटमा बन्ने एसिड वा अम्ल त्यस भोजनलाई पचाउने काम गर्छ, जो हामी खान्छौं। तर, कतिपय अवस्थामा पचाउनका लागि पेटमा पर्याप्त भोजन हुँदैन वा एसिड आवश्यक मात्राभन्दा बढी बन्छ। यस्तो एसिडिटी वा अम्लताको समस्या हुन्छ। खासगरी मसलेदार खानेकुरा एसिडिटीको कारण बन्ने गरेको छ। यस्तो खानेकुरा पचाउन गाह्रो हुन्छ र एसिड पैदा गर्ने कोशिकाले आवश्यक्ताभन्दा बढी एसिड बनाउनका लागि उत्तेजित गर्छ।

पेटमा एसिड भएमा यसले विभिन्न किसिमको स्वास्थ्य समस्या निम्त्याउँछ। लामो समयसम्म एसिडिटीको समस्या रहेमा अम्लपित्त नामको रोग लाग्ने गर्छ। यो रोग वातावरणको आद्रताका कारण हुन्छ। त्यसैले त, एसिडिटीको समस्यामा वर्षामा धेरै हुन्छ।

त्यसबाहेक, अत्याधिक मात्रामा पिरो, अमिलो तथा मसलेदार खानेकुराको सेवन, चिया, कफी, मदिरा, धुमपान आदीको सेवनले पनि एसिडिटी बढ्ने गर्छ। एसिडिटी भएमा पेट, छाती तथा घाँटी पोल्ने, अमिलो डकारका साथमा अमिलो पानी आउने गर्छ। कहिले काहीं उल्टी हुनसक्छ। अत्याधिक मात्रामा एसिडिटी भएमा अपच, कब्जियत तथा पखाला हुन्छ।

एसिडिटीको आम कारण

- लामो समय भोको बस्नु।
- अनियमित तरिकाले खानेकुरा सेवन गर्नु।
- मसलेदार खानेकुरा बढी सेवन गर्नु।
- विशेषज्ञका अनुसार तनाव पनि एसिडिटीको कारण हो।
- काम वा अत्याधिक दबाब वा पारिवारिक तनाव लामो समयसम्म रहयो भने शारीरिक तन्त्र प्रतिकूल ढंगले काम गर्न थाल्छ। र, पेटमा एसिडको मात्रा आवश्यक भन्दा बढी बन्छ।

के छ जोगिने उपाय ?

- विहान उठ्नसाथ मनतातो पानी सेवन गरौ। रातभर पेटमा बनेको आवश्यक्ताभन्दा बढी एसिड वा अनावश्यक तत्व पानीको माध्यामबाट शरीर बाहिर निस्कन्छ।
- केरा, तरबुजा, मेवा, कांक्रा जस्ता फलफूल खानेकुरामा सामेल गरौ। यी फलको रस एसिडिटीको उपचारमा प्रभावकारी हुन्छ।

(यदि कसैलाई एसिडिटीको समस्या छ भने नरिवल पानी लाभदायक हुनसक्छ।

- अदुवाले पाचन क्रियालाई राम्रो बनाउँछ।
- भोजनको अम्लिय प्रभावलाई दुधले पूर्ण रुपमा निष्प्रभाव बनाउँछ। यद्यपी एसिडिटीको उपचारको लागि दुध लिनुअघि चिकित्सकको सल्लाह लिनुपर्छ। किनभने कतिपय व्यक्तिमा दुधले एसिडिटी बढाउन पनि सक्छ।
- कार्बोहाइड्रेटले भरपुर खानेकुरा जस्तो कि चामलले एसिडिटी रोक्छ। किनभने यस्तै भोजनको कारण पेटमा एसिड कम मात्रामा बन्छ।
-दश देखि २० मिलिलिटर घिउकुमारीको रस नियमित रुपमा सेवन गर्ने
-एक चम्चा ज्वानोमा एक चौथाई कागतीको रस मिसाएर त्यसको रस पिउने। यसले ग्यासको समस्याबाट राहत दिन्छ।
-अदुवाको रसमा थोरै सिले नुन हालेर त्यसमा भुटेको जिरा मिसाएर सेवन गर्ने। त्यसपछि एक गिलास मोहीको सेवन। यसले एसिडिटीको समस्या कम गर्छ।

व्यायाम

नियमित व्यायाम र ध्यान क्रियाले पेट, पाचन यन्त्रलाई चुस्त, तन्दुरुस्त राख्छ। त्यसैले नियमित रुपमा व्यायाम गर्नुपर्छ।

# बाँझो जग्गामा वृक्षरोपण र जहाँ वन त्यहा व्यवस्थापन

विराटनगर, १४ असार। 'बाँझो जग्गामा वृक्षारोपण र जहाँ वन त्यहाँ व्यवस्थापन' नाराका साथ मोरङमा गएको असारदेखि अहिलेसम्ममा आठ लाख विरुवा वितरण एवं रोपणको काम भएको छ।



नेपाल सरकारले आर्थिक वर्ष २०७६/७७ लाई वृक्षरोपण वर्ष घोषणा गरे अनुरुप देशभरमा पाँच करोड विरुवा रोप्ने लक्ष्य लिएको थियो भने मोरङमा यस अवधिमा डिभिजन वन कार्यालय मोरङसहित १६ वटा वन कार्यालयका नर्सरीबाट नौ लाख ३३ हजार विरुवा उत्पादन भई आठ लाख विरुवा निःशुल्क वितरण भएको डिभिजन वन कार्यालयका प्रमुख विशाल घिमिरेले जानकारी दिनुभयो।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नं. १ का कर्मचारी अनिरुद्र साहले यस प्रदेशमा फलफूल तथा जडीबुटी बाहेक ४२ लाख बोटबिरुवा उत्पादन एवं वितरण भएको जानकारी दिनुभयो। उहाँले पहाडी क्षेत्रमा प्रशस्त बोटबिरुवा एवं जंगल क्षेत्र रहेकोले यस क्षेत्रका मानिसहरुले उत्पादन दिने र बजारमा लगेर बिक्री गर्ने खालको फलफूलका बोटबिरुवाको माग बढी रहेको जानकारी दिनुभयो।

मोरङको सबैभन्दा उत्कृष्ठ तथा ठूलो सब डिभिजन वन कार्यालय सलकपुरबाट एक लाख विरुवा उत्पादन भई वितरण भएको प्रमुख लालबहादुर माझीले जानकारी दिनुभयो।

वृक्षरोपण वर्षमा आइतबार राष्ट्रिय वृक्षारोपण दिवस पनि भएकोले मोरङको सुन्दर हरैंचा नगरपालिकाको वडा नं.७ तथा केराबारी गाउँपालिकाको वडा नं. ८ लाई छुने १३ दशमलव पाँच हेक्टर वन क्षेत्र जग्गामा वृक्षारोपण काम शुरु भएको छ।

यसमा गएको असोजदेखि अहिलेसम्ममा १० हेक्टर जग्गामा वृक्षारोपणको काम सम्पन्न भएको छ भने बाँकी क्षेत्रमा आइतबारदेखि तीव्र गतिमा वृक्षारोपणको काम सुरु भएको छ। खयर, सिसौ, बाँस, जडीबुटी, लिची, कटहर, कुरिलो, सजिवन, मसला, केही फलफूलको विरुवा रोपाई भएपछि नजिकै रहेको लोहन्द्रा नदीको कटान पनि कम हुने र वन क्षेत्र पनि विस्तार हुने डिभिजन प्रमुख घिमिरेले बताउनुभयो।

लोहन्द्र नदीमा बर्षातको समयमा उर्लिएर तीव्र गतिमा आउने बाढीका कारण सो क्षेत्रमा कटान पनि तीव्र हुने भएकोले सरकारले यस्ता क्षेत्रको वनलाई संरक्षण गर्न नदीमा तटबन्धको पनि काम गर्नुपर्ने आवश्यकता देखिएको छ।

उहाँले महेन्द्रराज मार्गदेखि तल दक्षिणी क्षेत्रमा वनले नछुने सार्वजनिक जग्गा, मठ मन्दिर, नदी किनारमा वृक्षारोपणको कामलाई तीव्रता दिनुले यस क्षेत्रमा हरियाली पनि विस्तार हुने र जङ्गल क्षेत्र पनि बढ्नुका साथै पर्यावरण र वातावरण राम्रो हुने विश्वास व्यक्त गर्नुभयो।

आइतबार मोरङकै सुन्दर हरैंचा,, बेलबारी, लखन्तरी, कटहरी जस्ता ठाउँमा व्यापक वृक्षारोपणको अभियान संचालन हुने पनि भनिएको छ।

यस्तै, सब डिभिजन वन कार्यालय कानेपोखरीमा १५ लाखको लागतमा अत्यन्त व्यवस्थित र आधुनिक नर्सरी निर्माण गरिएको छ। स्थानीय जनतालाई लक्षित गरी तीन लाख बोटबिरुवा उमार्न बनाएको सो नर्सरीमा अहिले ५५ हजार बोटबिरुवा रहेको कार्यालय प्रमुख तुलसीप्रसाद यादवले जानकारी दिनुभयो।

साथै वन क्षेत्रको डडेलो नियन्त्रण गर्न दमकल जडानसहित ट्रयाक्टरमा पानीको ट्याङ्की निर्माण गरी वनको डडेलो नियन्त्रण गर्न राजमार्ग क्षेत्रका सबै सब डिभिजन वन कार्यालयमा वारुणयन्त्रको व्यवस्था गरिएको छ।

यस्ता वारुणयन्त्र सामुदायिक वन, साझेदारी वन उपभोक्ता समूहले पनि व्यवस्था गरेकाले सुख्खा समयमा हुने डडेलोलाई सजिलै नियन्त्रण गर्न सकिने डिभिजन वन कार्यालय प्रमुख घिमिरेले बताउनुभयो।

# लगातार वर्षाले जनकपुर जलमग्न

धनुषा, १४ असार। शनिबार राति परेको वार्षाले जनकपुर जलमग्न भएको छ। सरोकारवाला निकायले पानीको उचित निकास गर्न नसक्दा यहाँको अधिकांश क्षेत्र जलमग्न भएको हो।

जनकपुरका भानु, विद्यापति, विश्वकर्मा, कदमचोक, मिल्स एरिया, प्रादेशिक अस्पताल सडक, अस्पताल परिसरका सडक जलाशयमा परिणत भएका छन्। नगरका मूख्य सडक जलमग्न भएपछि आवागमनसमेत प्रभावित भएको छ।

एकीकृत सहरी विकास परियोजनाको ऋण सहयोगमा करोडौं रुपैंया खर्चेर निर्माण गरिएको जनकपुर अञ्चल अस्पतालको नवनिर्मित भवनको आकस्मिक कक्षमा समेत पानी पसेको छ।

एसियाली विकास बैंकको एकीकृत सहरी विकास परियोजनाअन्तर्गत नगरका सडकहरू बनाइए पनि ढल व्यवस्थापन नभएका कारण पानीको बहाव रोकिएर घरघरमा पानी पसेको छ। वर्षाको पानीले यातायात, वनलगायत कार्यालयको परिसरमा पानी जमेको छ भने जनकपुर-ढल्केवर निर्माणाधीन अवस्था रहेको ६ लेन सडकले गर्दा सडक हिलाम्य भएर यातायात संचालनमा समेत कठिनाइ भएको छ।

### विश्वभर....

संक्रमणका कारण मृत्यु हुनेको संख्या १ लाख २८ हजार १ सय ५२ पुगेको छ। संक्रमितको संख्या २५ लाख ९६ हजार नाघेको छ। ब्राजिलमा १३ लाख १५ हजार बढी संक्रमित हुँदा ५७ हजार बढीको ज्यान गएको छ। रसियामा ६ लाख ३४ हजार ४ सय बढी संक्रमित भएका छन्। रसियामा मृत्यु हुनेको संख्या ८ हजार नाघेको छ।

भारतमा ५ लाख ३० हजार ९ सय ९३ जना संक्रमित भएका छन्। कोरोना संक्रमणबाट १६ हजार १ सय २४ जनाको मृत्यु भएको छ। भारतमा १ हजार ४ सय १६ नयाँ संक्रमित थपिएका छन्। बेलायतमा संक्रमितको संख्या ३ लाख १० हजार पुगेको छ। बेलायतमा ४३ हजार ५ सय बढीले ज्यान गुमाएका छन्।

स्पेनमा २ लाख ९५ हजार बढी कोरोना संक्रमित मध्ये २८ हजार ३ सय बढीको मृत्यु भएको छ। पेरुमा २ लाख ७५ हजार ९ सय बढी संक्रमित हुँदा ९ हजार बढीको मृत्यु भएको छ।

चिलिमा २ लाख ६७ हजार बढी संक्रमित मध्ये ५ हजार ३ सय बढीले ज्यान गुमाएका छन्। इटालीमा २ लाख ४० हजार बढी संक्रमित भएका छन्। इटालीमा ३४ हजार ७ सय बढीको मृत्यु भएको छ।

### विद्यालयमा....

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) का अध्यक्ष नरेन्द्र डङ्गोल सरकारले विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ को विपरीत विद्यालयमा यस प्रकारको बोझ थप्न नहुने बताए। बालअधिकारकर्मी कृष्ण सुवेदीले विद्यालयको विकल्प खोजेर होटलहरुलाई क्वारेन्टिन बनाइएको भए बस्नेहरुलाई पनि सुविधा पुग्ने उल्लेख गरे।

विज्ञ श्याम ज्ञवालीले सुरक्षित विद्यालयको अवधारणाबाट विद्यालयलाई क्वारेन्टिन बनाइनु गलत भएकाले यसबाट चौतर्फी रुपमा असर परेको उल्लेख गरे। महासङ्घका अध्यक्ष कृष्ण थापाले आफूहरुले विद्यालयमा क्वारेन्टिन नराख्न सुरुदेखि आग्रह गरेको र हाल निरन्तर विद्यालयमा क्वारेन्टिन बढ्न थाले पनि थप चिन्ता जाहेर गरिएको जनाए।

### सीमामा...

अहिलेसम्म ४६ स्थानमा चौकी स्थापना भइसकेका छन्।

सरकारले गत वर्षको मंसिर २३ गते थप ११४ चौकी स्थापना गर्ने निर्णय गरेपछि दक्षिणतर्फ २१ र उत्तरतर्फको सीमा क्षेत्रमा चार गरी २५ वटा बिओपी थपिसकिएको गृह मन्त्रालयले जनाएको छ। अहिलेसम्म दक्षिणतर्फ १२८ र उत्तरतर्फ चार बिओपी स्थापना भएका छन्।

सरकारले पहिलो चरणमा २२१ चौकी स्थापना गर्ने योजनाका साथ काम तीव्र पारिएको छ। गृहमन्त्री रामबहादुर थापा बादलका अनुसार सीमा क्षेत्रमा ५ सय बिओपी बनाउने योजना अघि बढाइएको छ।

त्यसअनुसार पहिलो चरणमा २२१ स्थानमा चौकी स्थापना गर्ने क्रमअन्तर्गत अझै ८९ स्थानमा चौकी स्थापना गर्नुपर्ने आवश्यकता छ। चौकी स्थापनाका लागि सशस्त्र प्रहरीले गृह मन्त्रालयमा कार्ययोजनासमेत पेश गरिसकेको छ। उक्त कार्य योजनाअनुसार चौकी स्थापना गर्न नौ हजार सशस्त्र प्रहरी आवश्यक हुने जनाइएको छ।

### सलहको...

मन्त्री भुसालले सलहको सो बथान नेपाल आउँछ कि आउँदैन भनेर भारतको कृषि मन्त्रालयका अधिकारीहरू र संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठनका अधिकारीहरूसँग समन्वय गरेर ट्र्याकिङ गर्ने बताए।

हालसम्म नेपालमा देखिएको सलह किराको बथान सानो रहेको र यसले धेरै क्षति नपुऱ्याएको भन्दै कृषि मन्त्रालयले किसानहरूलाई नआत्तिन भनेको छ।

नेपाल प्रवेश गरेका सलह, सलह पुगेको जिल्ला, त्यसले पुऱ्याएको क्षति, ती सलहको सम्भावित यात्रालगायतका विषयमा विस्तृत विवरण मन्त्रालयले आइतबारै पत्रकार सम्मेलन गरेर जानकारी दिने मन्त्री भुसालले बताए। विज्ञहरूसँगको छलफलपछि मन्त्री भुसालले सलह किरा कुन-कुन स्थानमा देखिएको छ भनेर किसानहरूबाट जानकारी लिन हटलाइनको व्यवस्था गर्ने बताए। एउटा टेलिफोन नम्बर मन्त्रालयले व्यवस्था गर्ने र त्यसमा फोन गरेर किसानहरूले सलह किराबारे जानकारी दिन सक्ने मन्त्री भुसालको भनाइ छ।

कृषि मन्त्रालयले गृह र विपद् व्यवस्थापन समितिसँग सम्बन्धित समितिसँग समन्वय गरेर सलहलाई नियन्त्रण गर्ने जनाएको छ। गृह र विपद्सँग समन्वय गरी सलह नियन्त्रण गर्न विषादी छर्किनुपर्ने भए ड्रोन, ट्याङ्करलगायतको व्यवस्था गरिने मन्त्री भुसालले बताए।

सलह नियन्त्रणका लागि खर्चको व्यवस्थापन गर्ने जिम्मा कृषि मन्त्रालयका सचिव राजेन्द्रप्रसाद भारीलाई दिइएको छ। अन्तरमन्त्रालय समन्वय गरी सलह नियन्त्रणको बजेट व्यवस्था गर्न मन्त्री भुसालले सचिव भारीलाई निर्देशन दिएका हुन्।

आवश्यकता

यस दैनिकलाई बजार विस्तारका लागि निम्न बमोजिमका कर्मचारी आवश्यक भएको हुँदा तु. सम्पर्क राख्नु होला। अनुभवीलाई विशेष ग्राह्यता दिइनेछ।

पद : बजार प्रतिनिधि १
योग्यता: प्लस टु वा सो सरह
तलव: आपसी समझदारीमा

दैनिक दर्शन
कलेज रोड, विराटनगर-१४, फोन: ५३५३२६, ९८६२१९४७३०

छिटो, छरितो छपाईका लागि सम्झनुहोस्।
अर्जेन्ट रबर स्टाम्प
कलेज रोड, विराटनगर-१४
फोन नं. ०२१-५३७९३०, ९८४२१८९७९
यहाँ सस्तो, राम्रो बलियो क्वालिटिको नाइलन छाप, रबर छाप, प्रिईक, डिजिटल छाप प्लाष्टिक प्रिन्टका साथै नाइलन ब्लक, कार्टुन प्रिन्टको लागि ब्लक बनाइन्छ, साथै कम्प्युटर सम्बन्धि सम्पूर्ण काम।

आवश्यक
यस प्रेसका लागि पेजमेकर, कोरल ड्र, फोटोसप, इनडिजाइनिङ्ग गर्न सक्ने अनुभवी कम्प्युटर अपरेटरको तु-आवश्यकता।
सम्पर्क: सम्झना प्रिन्टिङ प्रेस विराटनगर-९

बिराटनगर महानगरपालिका सूचना
■ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
■ छाला भएको मासु नखाऔं बिक्री वितरणमा समेत निरुत्साहित गरौं।




Bfm 91.2
100 % YOURS
सुन्दै जाउँ सुनाउँदै जाउँ
संगीत, मनोरञ्जन, खबर
विहान ५ देखि रात्री ११ सम्म निरन्तर
PO Box 204,
Shanti Chowk, Biratnagar-7
T : 021-533 471, F : 021-532 508, info@bfm912.com
विहान ६ बजे, विहान ९ बजे, दिउँसो २ बजे, दिउँसो ४ बजे, साँझ ६ बजे र रात्री १० बजे BFM बुलेटिन, सुन्न नभुलौं !

विगत ६७ वर्ष देखि ग्राहकको सन्तुष्टि, विश्वासमा ध्यान दिदैं आएको
गुणस्तरीय फेशन तथा एक दामको पसल
काबरा इम्पोरियम



आकर्षक तथा भारतीय साडी, कुर्ता सुरुवाल, रुबीया, पोपलीन (म्याचिङ सेन्टर), वेडसिट, उनिका कपडा शटिंग, शुटिंगको लागि सधैं सम्झनुहोस्।
मेनरोड, विराटनगर-१२

# कोरोना रोकथाम र उपचार प्रभावकारी बनाउन सरकारलाई दबाब

काठमाडौं, १४ असार । नेपाली कांग्रेसले कोभिड-१९ को संक्रमणका कारण प्रभावित भएको पार्टीको १४ औं महाधिवेशन तालिका अघि बढाउने विषयमा छलफल गर्ने भएको छ ।

कांग्रेस केन्द्रीय कार्यालयमा आइतबार बस्ने पदाधिकारी बैठकमा कोरोनाका कारण प्रभावित भएको १४ औं महाधिवेशनको कार्यतालिका अघि बढाउने बारेमा छलफल हुने पार्टीका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । यसबाहेक कोरोना रोकथाम र उपचारमा थप प्रभावकारी काम गर्न सरकारलाई दबाब दिने बारेमा समेत छलफल हुने बताइएको छ ।

कांग्रेसले गत माघ १३ गतेको केन्द्रीय समिति बैठकबाट पार्टीका मातहत निकायका अधिवेशन र १४ औं महाधिवेशन सम्पन्न गर्न कार्यतालिका सार्वजनिक गरेको थियो । सो तालिकाअनुसार गत २०७६ फागुनदेखि २०७६ चैतसम्म पार्टीको प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले नयाँ क्रियाशील सदस्यता वितरण र जिल्ला कार्यसमितिले क्रियाशील सदस्यता नवीकरण गर्ने कार्य सम्पन्न गर्ने अवधि तोकेको थियो । उक्त कार्यतालिकाअनुसार जिल्लामा क्रियाशील सदस्यता फाराम पुऱ्याउने काम भएपनि कोरोनाका कारण वितरण र नवीकरण कार्य भने प्रभावित भएको थियो ।

कांग्रेसले १४ औं महाधिवेशनका लागि गाउँ/नगर वडा अधिवेशन आगामी २०७७ कार्तिक १६, गाउँ/नगरपालिका अधिवेशन कार्तिक १८, प्रदेशसभा क्षेत्रीय अधिवेशन २०७७ कार्तिक २१ र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन २०७७ कार्तिक २३ गतेका लागि निर्धारण गरेको छ ।

यसैगरी एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन २०७७ कार्तिक २५, प्रदेश अधिवेशन २०७७ मंसिर २९ र केन्द्रीय महाधिवेशन २०७७ फागुन ७, ८, ९ र १० गते काठमाडौं गर्ने तालिका सार्वजनिक गरिएको थियो । केन्द्रीय महाधिवेशन निर्धारित मितिमै गर्ने गरी कोरोनाका कारण प्रभाावित हुने अन्य अधिवेशन तालिका हेरफेर गर्नेबारे छलफल हुने मुख्य सचिव पौडेलले बताए ।

कांग्रेसको १३ औं महाधिवेशन विसं २०७२ फागुन २० देखि २३ गतेसम्ममा काठमाडौंमा सम्पन्न भएको थियो । पार्टीको विधानमा सबै तहका पदाधिकारी तथा सदस्यहरूको पदावधि चार वर्षको हुने उल्लेख छ । साथै विधानले असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्ने व्यवस्थासमेत गरेको छ ।

सोही व्यवस्थाअनुसार कांग्रेसले गत पुस ११ गते पार्टीको वर्तमान सबै तहका पदाधिकारी तथा सदस्यहरूको पदावधि एक वर्ष थप गर्नेलगायत निर्णय गरेको थियो ।

## विराटनगरको....

विकासको तीब्रगति अगाडी बढेको बताए । सडकहरु कालोपत्रे गर्ने काम सम्पन्न हुने चरणमा रहेको र चाढै थप बिकासका कार्यक्रम शुरु हुने बताए ।

उक्त अवसरमा बिषयगत समितिका संयोजकहरुले बार्षिक प्रतिबेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा राजश्व परामर्श समिति संयोजक इन्दिरा कार्की, सार्वजनिक सेवा तथा क्षमता बिकास समिति संयोजक बिनोद बस्नेत, सामाजिक विकास समिति संयोजक तिर्थेन्द्र न्यौपाने, पूर्वाधार विकास समिति संयोजक देबेन्द्र पोखरेल, बिधेयक समिति संयोजक मीनकुमार आचार्य, आर्थिक विकास समिति संयोजक मनोज सुब्बा, लेखा समितिका तर्फबाट बिश्वनाथ भगत, वातावरण तथा विपद व्यवस्थापन समितिका तर्फबाट बद्री सरदारलगायतले बार्षिक प्रतिबेदन प्रस्तुत गरेका थिए ।

नगरसभामा कार्यपालिका सदस्यहरुले महानगरपालिकाको विकास निर्माण जनताको माग र चाहनाका साथै कार्य सम्पादनमा भए गरेका समस्याका बारेमा आ-आ ना धारणा राखेका थिए । सो अवसरमा कार्यपालिका सदस्यहरुले राखेका जिज्ञासाको मेयर भीम पराजुली, उप-मेयर इन्दिरा कार्की, प्रमुख प्रसाशकीय अधिकृत इन्द्रमणी पोखरेलले सम्बोधन गरेका थिए ।

## दुर्घटनाका...

एवं अर्थतन्त्रमा पर्ने असरबारे अध्ययन गर्दै आएका अनुसन्धाता अमृत बाँस्तोला, जेसी किगोजी, पेल्हम बार्टन तथा जुली मिटनले संयुक्त रुपमा गरेको सो अध्ययनले सडक दुर्घटनाबाट पीडित र उनीहरूका परिवारजनमा पर्ने प्रत्यक्ष आर्थिक भार तथा सडक दुर्घटनाबाट हुने मानवीय क्षतिको मूल्य, अपाङ्गताका कारण आर्थिक रुपले सक्रिय हुन नसक्नुको भार साथै परिवारजन र समाजले भोग्नुपरेका पीडा र आफन्त गुमाउनु परेको मनोवैज्ञानिक असरको मूल्य (अप्रत्यक्ष भार) लाई आंकलन गरेको छ ।

प्रत्यक्ष आर्थिक भार ( घाइतेको उपचार खर्च, अस्पताल भर्ना, औषधि, डाक्टरको शुल्क तथा हेरचाहलगायतको अन्य खर्च जस्तै यातायात, खाना खर्च, सम्पत्ति नोक्सानी) को लागत १।४ अर्ब अनुमान गरिएको छ जुन सडक दुर्घटनाको कूल आर्थिक भारको १०।६५ प्रतिशत हो ।

नेपालमा सडक दुर्घटनाको आर्थिक भारको तथ्याङ्क सीमित छ । यसै कारण अहिलेसम्म पनि दशकअघिको तथ्याङ्कका आधारमा सडक सुरक्षाका कार्ययोजना बनाउने गरिएको छ । तर यो एक दशकमा नेपालमा सडक यातायातका साधनको संख्यामा र सडक निर्माणमा द्रुत गतिले वृद्धि भएको छ । यही तथ्याङ्कको अभावलाई मध्यनजर गर्दै नेपालमा सडक दुर्घटनाको वर्तमान आर्थिक भारको अध्ययन गरिएको यस अध्ययनका प्रमुख शोधकर्ता अमृत बाँस्तोलाको भनाइ छ ।

सडक दुर्घटनाबाट हुने मानवीय क्षतिको मूल्य, कामबाट बञ्चित वा रोजगारी गुमाउनुपर्ने, दीर्घकालीन अक्षमता (अपाङ्गता) का कारण आर्थिकरुपले सक्रिय हुन नसक्नुको भार, परिवारका घाइते सदस्यको हेरचाहमा संलग्न हुनुपर्दाको मूल्य अझै कहालीलाग्दो छ । यसका अतिरिक्त सडक दुर्घटनाका पीडित, उनीहरूका परिवारजन र समाजले भोग्नुपरेका पीडा र आफन्त गुमाउनुपरेको मनोवैज्ञानिक असरको भारलाई पनि अध्ययनले देखाएको छ । यस्ता अप्रत्यक्ष भार को लागत ११।६ अर्ब अनुमान गरिएको छ जुन सडक दुर्घटनाको कूल आर्थिक भारको ८९।४५ प्रतिशत हो ।

यस अध्ययनबाट प्राप्त अनुमानले के सङ्केत गर्दछ कि नेपालमा सडक दुर्घटनाको आर्थिक भार सडक सुरक्षाका लागि विनियोजन गर्न सिफारिश गरिएको रु ८।९५ अर्ब ( सडक निर्माण लागतको १०५) भन्दा रु १.४३ गुणा बढी छ ।

हालसालै सार्वजनिक भएको विश्व बैंकको 'नेपालमा सडक सुरक्षा' सम्बन्धी प्रतिवेदनले पनि नेपालको सडक सुरक्षासम्बन्धी दिगो विकास लक्ष्य हासिल गर्नका लागि आगामी दशकभित्र करिब रु एक खर्ब लगानी गर्नुपर्ने देखाएको छ ।

सडक दुर्घटनाको आर्थिक भारको मुख्यता दीर्घकालीन अपाङ्गताका कारण आर्थिकरुपले सक्रिय हुन नसक्नुको र अकालमा मृत्यु रहेकाले नीति निर्माताले सडक सुरक्षासम्बन्धी संयन्त्र प्रभावकारी बनाउन र घाइतेलाई घटनास्थलमा तत्काल उपयुक्त उपचार तथा हेरविचारलाई प्राथमिकता दिनुपर्ने बाँस्तोलाको भनाइ छ ।

नेपाल प्रहरीको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७३/७४ मा प्रति एक लाख जनसंख्यामा ८।६ जनाले सडक दुर्घटनामा ज्यान गुमाउनुपरेको थियो । डब्लुएचओको तथ्याङ्कअनुसार नेपालमा सडक दुर्घटनाबाट हुने मृत्युदर १५।९ प्रति एक लाख जनसंख्या अनुमान गरिएको छ । यदि डब्लुएचओको अनुमानलाई लिने हो भने, सडक दुर्घटनाका कारण हुने आर्थिक भार यो अध्ययनले देखाइएको अनुमानभन्दा अझै धेरै हुनसक्छ ।

बाँस्तोलाका अनुसार यस अध्ययनले नेपालमा सडक दुर्घटनाको आर्थिक भारको वर्तमान स्थितिलाई प्रस्तुत गर्दछ जुन सडक सुरक्षाका लागि वकालत गर्न थप मद्दत पुग्नेछ । यदि सडक दुर्घटनामा नेपाल सरकारले आफ्नो कूल गार्हस्थ्य उत्पादनको कम खर्च गर्नसकेमा ती आर्थिक स्रोत अन्य क्षेत्रलाई छुट्याउन सकिन्छ र देशको समग्र अर्थतन्त्र सुधार गर्न सकिने बताइन्छ ।

पत्रपत्रिका मागेर होइन, किनेर पढ्ने बानी बसालौं




# सन्तोष क्याम्पमा फेरि प्रदीप



निर्माता सन्तोष सेन र अभिनेता प्रदीप खड्काको मित्रतालाई नेपाली फिल्म क्षेत्रमा उदाहरणको रुपमा लिने गरिन्छ । यहाँ एउटा फिल्ममा काम गरेपछि प्राय: निर्माता र कलाकारबीच मनमुटाव सुरु हुन्छ । तर, फिल्म 'प्रेमगीत' बाट गाँसिएको सन्तोष र प्रदीपको व्यावसायिक सम्बन्धमा आजसम्म कुनै समस्या आएको छैन । उनीहरुको सम्बन्ध एकअर्काप्रतिको विश्वासमा टिकेको छ ।

यी दुईलाई एकअर्कासँगको सहकार्य फापेको पनि छ । फिल्म 'प्रेमगीत' बक्सअफिसमा असफल भए पनि दर्शकले निकै रुचाए । यही फिल्मले प्रदीप र सन्तोषलाई नेपाली फिल्म क्षेत्रमा स्थापित गरेको थियो । यो फिल्मपछि उनीहरुबीच 'प्रेमगीत' को दोस्रो सिरिजमा टिमअप भयो । यो फिल्मबाट सन्तोषले घाटा बेहोर्नु परेन । प्रदीपको फिल्म करिअरले पनि थप उचाई लियो ।

सन्तोष र प्रदीपबीच तेस्रो पटक फिल्म 'प्रेमगीत ३' मा सहकार्य भयो । यो फिल्म गत वर्षको चैत २८ मा रिलिज हुने तयारीमा थियो, तर कोरोना भाइरसबाट बच्न सरकारले लकडाउन घोषणा गरेपछि फिल्म प्रदर्शन हुन सकेन । अब, आउँदो बैशाखमा फिल्म रिलिज हुने बताइएको छ । ठूलो बजेटमा निर्माण भएको यो फिल्मको दर्शकहरु लामो समयदेखि प्रतिक्षा गरिरहेका छन् ।

यसबीच, निर्माता सन्तोष सेनको क्याम्पमा पुन: एकपटक प्रदीप दोहोरिने भएका छन् । 'प्रेमगीत ३' प्रदर्शनपछि छायांकन सुरु गर्ने गरी निर्माता सेन नयाँ फिल्मको तयारीमा जुटेका छन्, जसमा लिड हिरोको रुपमा प्रदीप खड्का फाइनल भएका छन् । फिल्मको कथा 'प्रेमगीत २' फेम्ड निर्देशक रामशरण पाठकले लेखिरहेका छन् । निर्देशकको भने कुनै टुंगो नलागेको सन्तोषले बताए ।

उनी अहिले नयाँ फिल्मका लागि लोकेशन खोज्न आफ्नो हिरोलाई लिएर सुर्खेत पुगेका छन् । कमेडी जनरामा बन्ने फिल्म गाउँले परिवेशमा खिचिने भएकाले सुर्खेत पुगेको उनले बताए । फिल्ममा प्रदीपको अपोजिटमा नयाँ अनुहारलाई लञ्च गर्ने उनको सोच छ ।

# नेपालको संविधानमा थारूको अधिकार

**नेपालको संविधानमा थारुको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।**

- वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, विभेद अन्त्य गर्ने ।
- समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका थारू लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आ नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपालीसमुदायलाई आ नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षणगर्ने हक हुने ।
- सामाजिक रूपले पछाडि परेका थारु समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- मुक्त कम्हलरी, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुन:स्थापना गर्ने ।
- संवैधानिक निकायको रुपमा एक थारु आयोगको व्यवस्था गरिएको ।
- राज्यको संरचना गर्दा समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने ।
- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी आधारमा गर्ने ।
- संवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था गरिएको ।
- नेपाली सेनामा थारु समेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- नेपाली राजदूत र विशेष प्रतिनिधिसमावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- जनसंख्याको घनत्व, भौगोलिक विशिष्टता, प्रशासनिक एवं यातायातको सुगमता, सामुदायिक तथा सांस्कृतिक पक्षलाई समेत ध्यान राख्दै कार्य गर्नका लागि निर्वाचन क्षेत्र निर्धारण हुने ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग










दर्शन प्रकाशन प्रालिद्वारा प्रकाशित, सम्पादकः शिवबहादुर कार्की
कार्यालयः कलेज रोड, विराटनगर-१४,फोनः ५३५३२६, मो ९८६२१९४७३०, e-mail: dailydarshan009@gmail.com, darshan_daily@yahoo.com मुद्रणः सम्झना प्रिन्टिङ प्रेस, विराटनगर